## सम्वत् २०८२ साल असोज २ गते बसेको मन्त्रिपरिषद् बैठकको निर्णयहरूः

१. सामाजिक विकास मन्त्रालय, उद्योग, कृषि तथा सहकारी मन्त्रालय र स्वस्थ्य मन्त्रालय अन्तर्गतका निकायहरूको संलग्न अस्थायी दरबन्दी स्वीकृत गर्ने।

२. बिबिधः-

(क) २०८२ भाद्र २३ र २४ गते जेन जेड (Gen Z) को अगुवाइमा देशभरि भएको विरोध प्रदर्शन तथा आन्दोलनका क्रममा ज्यान गुमाउनु हुने सम्पूर्ण व्यक्तिप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारमा गहिरो समवेदना प्रकट गर्दछौं। साथै, उक्त घटनामा घाइते हुनु भएका व्यक्तिहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछौं।

(ख) मिति २०८२ भाद्र २३ र २४ गते जेन जेड (Gen Z) को अगुवाइमा भएको विरोध प्रदर्शन तथा आन्दोलनमा मृत्यु भएका कोशी प्रदेशका देहायका पाँच जना व्यक्तिका परिवारलाई प्रति परिवार रु. एक लाखका दरले किरिया खर्च प्रदान गर्ने।

| क्र.सं. | नाम, थर | उमेर | लिङ्ग | जिल्ला | वतन |
|---|---|---|---|---|---|
| १ | स्व. अभिषेक श्रेष्ठ | २३ | पुरुष | सुनसरी | इटहरी उपमहानगरपालिका-१६ |
| २ | स्व. चंखे भन्ने मोहन सरदार | ४० | पुरुष | सुनसरी | इटहरी उपमहानगरपालिका-१४ |
| ३ | स्व. गोपाल सेढाई | ३० | पुरुष | झापा | अर्जुनधारा नगरपालिका-११ |
| ४ | स्व. कमल भण्डारी | ३० | पुरुष | झापा | पाँचथर हिलिहाङ गाउँपालिका-३ |
| ५ | स्व. दिनेश राजवंशी | ३२ | पुरुष | झापा | अर्जुनधारा नगरपालिका-८ |

(ग) मिति २०८२ भाद्र २३ र २४ गते भएको विरोध प्रदर्शन तथा आन्दोलनका क्रममा क्षति भएका कोशी प्रदेश सरकारका संरचना तथा सम्पतिको मर्मतसम्भार एवं पुनःनिर्माण गर्न आवश्यक पर्ने वजेटको व्यवस्था आर्थिक मामिला तथा योजना मन्त्रालयले गर्ने। यस प्रयोजनका लागि प्रदेश सरकारले प्राप्त गर्न सक्ने आय, सार्वजनिक खर्चमा मितव्ययिता अपनाउने उपाय र कार्यान्वयन नगर्दा पनि उल्लेख्य असर नपर्ने कार्यक्रमका सम्बन्धमा विषयगत मन्त्रालयसँग समन्वय गरी स्रोत व्यवस्थापन कार्ययोजना प्रस्ताव आगामी मन्त्रिपरिषद् बैठकमा पेस गर्ने।

(घ) मिति २०८२ भाद्र २३ र २४ गते भएको विरोध प्रदर्शन तथा आन्दोलनका क्रममा प्रदेशको स्थायी संरचना, सवारी साधन, यन्त्र उपकरण, फर्निचर, सूचना प्रणाली लगायत अन्य महत्वपूर्ण सम्पत्तिमा पुगेको क्षतिको मूल्याङ्कन गरी वास्तविक क्षति तथा नोक्सानीको यथार्थ विवरण भौतिक पूर्वाधार विकास मन्त्रालयले तयार गर्ने र स्थायी संरचना मर्मतसम्भार तथा पुनःनिर्माणको लागि आवश्यक कार्ययोजना सहितको प्रतिवेदन मिति २०८२/०७/०९ गतेसम्म स्वीकृतिका लागि पेस गर्ने।

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*

(ङ) मिति २०८२ भाद्र २३ र २४ गते भएको विरोध प्रदर्शन तथा आन्दोलनका क्रममा क्षति भएका सवारी साधनहरूको विवरण, मर्मत गरी चलाउन सकिने सवारी साधनको विवरण र सवारी साधनको न्यूनतामा प्रदेश सरकारको सेवा प्रवाहमा पर्ने असरहरू समेत मूल्याङ्कन गरी मौजूदा सवारी साधनहरूको अधिकतम उपयोगका लागि विकल्प विकास गरी स्वीकृतिका लागि आन्तरिक मामिला तथा कानून मन्त्रालयले मिति २०८२/०६/३१ गतेसम्म पेस गर्ने।

(च) मिति २०८२ भाद्र २३ र २४ गतेको विरोध प्रदर्शन तथा आन्दोलनका कारण उत्पन्न विषम परिस्थितिलाई मध्यनजर गर्दै सार्वजनिक खर्च कटौती गरी पुनर्निर्माणमा आवश्यक स्रोत जुटाउन पर्ने अवस्था सिर्जना भएकोले सो कार्यका लागि आवश्यक विश्लेषण गरी स्रोत व्यवस्थापन कार्ययोजना बनाउन केही समय लाग्ने भएकोले सो अवधिसम्म नयाँ कर्मचारी स्थायी भर्नाको लागि प्रदेश लोक सेवा आयोगमा माग आकृति फार्ाम नपठाउने। साथै प्रदेश लोक सेवा आयोगले नयाँ विज्ञापन गर्ने कार्य हाललाई स्थगन गर्ने।

(छ) मिति २०८२ भाद्र २३ र २४ गतेको विरोध प्रदर्शन तथा आन्दोलनका कारण उत्पन्न हालको यस असहज परिस्थितिमा पनि विचलित नभई सेवा प्रवाहमा नियमितरुपमा खट्न सबै सुरक्षाकर्मी एवं राष्ट्रसेवकलाई निर्देशन गर्ने, कार्यालयहरूले परिस्थिति अनुसार अस्थायी कार्यालय स्थापना गर्ने वा अन्य सरकारी कार्यालयमा स्थानान्तरण गरी सेवा प्रवाहलाई नियमित सूचारु गर्ने।

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*

## सम्वत् २०८२ साल असोज १० गते बसेको मन्त्रिपरिषद् बैठकको निर्णयहरूः

१. ग्रमिण सडक सञ्जाल सुधार आयोजना, आयोजना कार्यान्वयन इकाइ (PIU), विराटनगरको आ.व. २०८२/८३ अस्थायी दरबन्दी स्वीकृत गर्ने।

२. शैलजा आचार्य अस्पताल तथा हृदय केन्द्र सञ्चालन कार्यविधि, २०८२ लाई मन्त्रिपरिषद्, कानून, न्याय तथा प्रदेश मामिला समितिमा छलफल गरी पेस गर्ने।

३. बिबिधः-

(क) नेपालीहरुको महान चाड बडा दशैं २०८२ ले हामी सबैमा नयाँ उत्साह, जोश तथा जाँगर थप्दै "स्वच्छ, सुखी र समुन्नत प्रदेश" को निर्माण गर्न सहयोग पुग्ने विश्वासका साथ यस बडा दशैंको पावन अवसरमा कोशी प्रदेश वासी तथा स्वदेश एवं विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाईहरुमा सुख शान्ति र समृद्धिको लागि कोशी प्रदेश सरकार हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछ।

(ख) नेपालको संविधानको धारा १८३ को उपधारा (२) बमोजिम कोशी प्रदेश सभाको चालु सातौं अधिवेशन मिति २०८२।०६।१० गते शुक्रबार रातको १२:०० बजे देखि अन्त्य गर्न माननीय प्रदेश प्रमुखज्यू समक्ष सिफारिस गर्ने।

## सम्वत् २०८२ साल असोज २७ गते बसेको मन्त्रिपरिषद् बैठकको निर्णयहरूः

१. अधिकृतस्तर एघारौं तहका श्री ईन्द्र प्रसाद सापकोटालाई अर्को व्यवस्था नभएसम्मका लागि पर्यटन, वन तथा वातावरण मन्त्रालयको प्रदेश सचिवको पदमा कामकाज गर्ने गरी जिम्मेवारी तोक्ने।

२. रा.प. प्रथम श्रणीका श्री मिलन आचार्यलाई भौतिक पूर्वाधार विकास मन्त्रालयको प्रदेश सचिवको पदमा कामकाज गर्न खटाउने।

३. आर्थिक मामिला तथा योजना मन्त्रालयः आर्थिक मामिला तथा योजना मन्त्रालयको आर्थिक वर्ष २०८२/८३ को बजेट व्यवस्थापन सम्बन्धी प्रतिवेदनको आधारमा आर्थिक वर्ष २०८२/८३ को मन्त्रालय र निकायको अनिवार्य दायित्व र स्थानीय तहमा वित्तीय हस्तान्तरणको प्रतिवद्ध

दायित्व बाहेक चालु र पूजींगत तर्फका खर्च क्रियाकलापबाट मन्त्रालय र निकायको प्रस्ताव बमोजिम प्रदेश स्रोत तर्फको कुल बिनियोजनको न्यूनतम पच्चीस प्रतिशत बजेट रोक्का राख्ने।

४. आर्थिक मामिला तथा योजना मन्त्रालयः उदय परियोजना कार्यान्वयन कार्यविधि, २०८२ लाई मन्त्रिपरिषद्, कानून, न्याय तथा प्रदेश मामिला समितिमा छलफल गरी पेस गर्ने।

५. आर्थिक मामिला तथा योजना मन्त्रालयः मिति २०८२ असोज १८ देखि २० गतेसम्मको वर्षाद्वारा सिर्जित विपद्बाट भएको क्षतिमा राहत, उद्दार, पुनःनिर्माण एवं पुनर्स्थापना गर्न र जेन जेड आन्दोलन/बिद्रोहका कर्ममा क्षति भएका कोशी प्रदेश सरकारका भौतिक संरचना एवं मालसामानको मर्मतसम्भार, पुनर्स्थापना तथा पुनःनिर्माण गर्न देहायको आदेश जारी गर्ने र सो को सूचना राजपत्रमा प्रकाशन गर्ने।

क) सम्बन्धित मन्त्रालय/आयोग/सचिवालय/कार्यालयबाट पुष्ट्याई सहित रकमान्तरको लागि माग भई आएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले सम्बन्धित खर्च शीर्षक/क्रियाकलापमा शुरु विनियोजनको शत प्रतिशत भन्दा बढी रकम रकमान्तर थप गर्न सक्ने।

ख) क्षतिग्रस्त संरचनाको मर्मत सम्भार, पुनर्स्थापना तथा पुनःनिर्माणको लागि बजेट उपशीर्षकमा सम्बन्धित खर्च शीर्षक वा खर्च क्रियाकलाप नभएको अवस्थामा आवश्यक खर्च शीर्षक/क्रियाकलाप सिर्जना गरी रकमान्तर थप गर्न सक्ने।

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*